बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड २ | बर्ष ५ | अंक १६ | मिति : माघ ४ गते २०७८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -१

# बुद्धभूमि नगरपालिकामा समायोजन भई आएका कर्मचारीहरुको प्रोत्साहन सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन- २०७८

**प्रस्तावनाः** साबिकको स्थानीय निकाय (गाउं विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) को सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको सम्वत २०७३ सालदेखि विज्ञापन र वढुवा नहुंदा वृत्ति विकास अवरुद्ध भएको कारण कर्मचारी समायोजन ऐन, २०७५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बुद्धभूमि नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप वृत्ति विकासका अवसरहरु उपलव्ध गराउन आवश्यक भएकोले साबिक स्थानीय निकायहरुबाट (गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) तथा संघीय तहबाट समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई स्तरवृद्धि सहितको बृत्ति विकासद्वारा प्रोत्साहन सुविधा उपलव्ध गराई कर्मचारीको मनोवल उच्च बनाउनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ङ) (२) (३) तथा दफा ९० अनुरुप हुनेगरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम बुद्धभूमि नगरपालिकाको दशौं नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम बुद्धभूमि नगरपालिकामा समायोजन भई आएका कर्मचारीहरुको प्रोत्साहान सुविधा सम्वन्धी व्यवस्था गर्न बनेको ऐन, २०७८ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कर्मचारी" भन्नाले तत्कालिन स्थानीय निकाय तथा समायोजित कर्मचारीहरुका रुपमा रहेको बुद्धभूमि नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत रहेका र अन्य स्थानीय निकाय (साविक गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) बाट बुद्धभूमि नगरपालिकामा समायोजन भई पदस्थापन भएका र यो ऐन जारी हुंदाका वखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले बुद्धभूमि नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) तोकिएको वा तोकिए वमोजिम भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरि तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्दछ।

(घ) ''नगर सभा'' भन्नाले बुद्धभूमि  नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ङ) ''प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) ''स्थानीय सेवा'' भन्नाले बुद्धभूमि नगरपालिकामा रहेको कर्मचारीको सेवा समूहलाई सम्झनु पर्दछ।

(छ) ''नगरपालिका'' भन्नाले बुद्धभूमि  नगरपालिकालाई सम्झनु पर्दछ।

(ज) ''स्थानीय कानुन'' भन्नाले संघीय कानूनसंग नवाझिने गरी बनेको बुद्धभूमि नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्दछ।

(झ) ''प्रोत्साहन सुबिधा'' भन्नाले साबिक स्थानीय निकायहरुबाट (गाउँ विकास समिति., नगरपालिका तथा जिल्ला विकास समिति) तथा बुद्धभूमि नगरपालिकामा समायोजन भई पदस्थापन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ३ बमोजिम उपलव्ध हुने स्तरवृद्धि वा तहवृद्धि समेतलाई सम्झनु पर्दछ। साथै समायोजन ऐन अनुरुप स्थानीय तहमा समायोजन भएर आएकाहरुको हकमा पनि यसै ऐन अनुरुप भएको मानिनेछ।

(ञ) ''न्युनतम शैक्षिक योग्यता'' भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ।

(ट) ''समायोजन'' भन्नाले संघीय समायोजन ऐन अनुरुप समायोजित भई आएका प्राविधिक वा अप्राविधिक सेवामा कार्यरत कर्मचारीहरुले नियमानुसार स्तर बृद्धि वा तह वृद्धि रोजेको हकमा पनि लागू भएको मानिने छ।

**३. स्थानीय सेवाका कर्मचारीको स्तरवृद्धि वा तह वृद्धि गर्ने :** (१) साविकको नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकाय (गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) को स्थायी सेवामा नियुक्ति भई बुद्धभूमि नगरपालिकामा समायोजनभई पदस्थापन भएका र यो ऐन जारी हुंदाका वखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुलाई यस ऐन बमोजिम तहवृद्धि वा स्तरवृद्धि सहितको प्रोत्साहन सुबिधा उपलव्ध गराईनेछ।

(२) उपदफा (१) वमोजिम स्थायी सेवा अवधि र शैक्षिक योग्यताका आधारमा नगरपालिकामा कार्यरत कर्मचारीहरुको स्तरवृद्धि वा तहवृद्धि सहितको पद मिलानको मापदण्ड देहाय वमोजिम हुनेछ :

| क्र.स. | हालको तह | मापदण्ड | कायम हुने स्तर वा तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन सबै | ५ वर्ष भन्दा वढी सेवा अवधि पुगेको | एक तह वृद्धि | |
| २ | सहायकस्तर चौथो | ५ वर्ष भन्दा वढी सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | सहायकस्तर पाँचौ | |
| ३ | सहायकस्तर पाँचौ | ५ वर्ष भन्दा वढी सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर छैठौं | |
| ४ | अधिकृतस्तर छैठौं | अधिकृतस्तर छैठौं तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर सातौं | |
| ५ | अधिकृत स्तर सातौ | अधिकृत स्तर सातौ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत स्तर आठौ | |

(३) स्तर बृद्धि वा तह वृद्धिका लागि पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गरिने छ । उक्त अवधिमा उपदफा २ बमोजिम सेवा अवधि पुगेका, न्यूनतम शैक्षिक योग्यता भएका र नगरपालकिामा समायोजन हुँदा कुनै प्रकारको प्रोत्साहन सुविधा नलिएका कर्मचारीले मात्र आबेदन गर्न सक्नेछन । यसरी परेका आवेदनहरुको जाँचबुझ गरी स्तर बृद्धि वा तह वृद्धिका लागि न्यूनतम मापदण्ड पुरा भएका उमेद्वारको विवरण यकिन भएपछि मात्र स्तर वृद्धि वा तह वृद्धि गरिनेछ । स्तरवृद्धि वा तह वृद्धिका लागि परेका आवेदनहरु स्वीकृत मापदण्ड बमोजिम भए नभएको यकिन गर्न पालिकामा उपलब्ध वरिष्ठ अधिकृत, प्रशासन शाखाको प्रतिनिधि तथा अधिकृतस्तरको कर्मचारी संलग्न सिफारिस समिति गठन गरिनेछ । सिफारिस समितिले मापदण्ड पुरा गरेका उमेद्वारको सूचि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छ । सिफारिसमा परेका उमेद्वारको कायम हुने स्तर तथा तह कार्यपालिकाबाट अनुमोदन भएपछि दफा ५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्तर वृद्धि वा तह वृद्धि गर्नु पर्नेछ ।

(४) उपदफा (१) न्यूनतम प्रोत्साहन सुबिधा प्राप्त गर्ने कर्मचारीहरुले पद मिलान भई कायम हुने तहका कर्मचारीले तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् ।

(५) स्तर बृद्धि वा तह बृद्धि पश्चात कर्मचारीको पद मिलान गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलव भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ। यसरी तह मिलान गर्दा तथा ग्रेड वृद्धिवाट थप हुन जाने दायित्व स्थानीय तहबाट व्यहोरिनेछ।

**४. कार्यअवधिको गणना**: (१) यस ऐन बमोजिम स्तरवृद्धि वा तह वृद्धिको लागि प्रकाशित सूचनाको अन्तिम दिनसम्मको सेवा अवधिलाई आधार मानी तह बृद्धि वा स्तर बृद्धिको लागि सेवा अवधि गणना गरिनेछ।

**५.स्तरवृद्धि भएको पत्र दिने**: (१) स्तर बृद्धि वा तह बृद्धि गर्ने भनी कार्यपालिकाबाट निर्णय भएपछि तोकियको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले स्तर वृद्धि वा तह वृद्धि को पत्र दिनुपर्नेछ।

(२) उपदफा (१) वमोजिम दिइने पत्रको ढाँचा अनुसूची-१ वमोजिमको हुनेछ।

**६. पदस्थापन गरिने**: (१)यस ऐन वमोजिम स्तरवृद्धि वा तहवृद्धि भए पश्चात् नगरपालिकाले स्वीकृत गरेको संगठन संरचनामा स्तरबृद्धि वा तहबृद्धि हुनु पूर्वको पदमा अधिकतम सेवा गरेको आधारमा क्रमश मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिनेछ।

(२) स्तरवृद्धि वा तहवृद्धि भएका कर्मचारीलाई साविकमा गरिरहेको कामकाजमा खटाईनेछ।

**७. स्तरवृद्धि वा तहवृद्धि भएका कर्मचारीहरुको सेवा सुविधा**: यस ऐन बमोजिम स्तरवृद्धि वा तहवृद्धि भएका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रदेश वा स्थानीय कानुनले तोके बमोजिम हुनेछ। प्रदेश वा स्थानीय कानुनले नतोकेको अवस्थामा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**८. पुल दरवन्दी सम्वन्धी व्यवस्था**: दफा ३ बमोजिम प्रोत्साहन स्वरुप स्तरवृद्धि वा तहवृद्धि गरिएको पद स्वीकृत संगठन संरचनामा नभएको हकमा स्वतः पुल दरबन्दी सिर्जना भएको मानिनेछ। यसरी स्तरवृद्धि वा तहवृद्धि भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्बको यथास्थानमा कामकाजमा लगाउन बाधा पुगेको मानिने छैन।

**९.आवश्यक व्यवस्था मिलाउने**: यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न

भएमा नगरकार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक ब्यवस्था मिलाउन सक्नेछ ।

**१०. यसै ऐन बमोजिम हुने**ः यस ऐनमा लेखेको कुराको हकमा यसै ऐन बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. ऐन निस्कृय हुनेः** यो ऐन एक पटकको लागि कर्मचारीलाई प्रोत्साहन दिनको लागि जारी गरिएकोले यस ऐन बमोजिम एक पटक स्तर बृद्धि वा तह बृद्धि भए पश्चात यो ऐन स्वतः निस्कृय हुनेछ ।

आज्ञाले
केशवराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि १
दफा ५ को उपदफा (२) संग सम्वन्धित

पत्र संख्या
चलानी नं मितिः ....................

श्री ...............................
....................................

विषयः स्तरवृद्धि गरिएको सम्वन्धमा ।

बुद्धभूमि नगरपालिकामा समायोजन भई आएका कर्मचारीहरुको प्रोत्साहान सुविधा सम्वन्धी व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ३ (३) तथा दफा ५ बमोजिम वमोजिम तपाईलाई तपसिल वमोजिमको पदमा स्तरवृद्धि/तहवृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीतापुर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

तह बृद्धि/स्तरवृद्धि हुनु भएकोमा बधाई छ ।

साविकको विवरण स्तरवृद्धि पछिको विवरण
पदः तहः
सेवाः समुहः पदः
तहः सेवाः
समुहः

..................................
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्विनी प्रदेश, वुटवल ।
श्री प्रदेश लोकसेवा आयोग वुटवल ।
श्री कर्मचारी संचय कोष ठमेल,काठमाण्डौ ।
श्री नागरिक लगानी कोष नयां बानेश्वर काठमाण्डौ ।
श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वुटवल ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु ।
श्री आर्थिक प्रशासन शाखा बुद्धभूमी नगरपालिका ।